नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय, तनहूँ

## १. परिचय

तनहूँ : प्रकृति,संस्कृति र ऐतिहासिकताको बेजोड समिश्रणयुक्त मनोरम पहाडी जिल्ला हो ,यो जिल्ला समुन्द्री सतहको १८७ मिटर देखि २१३४ मिटरसम्मको उचाइ सहित १५४६ वर्ग किमि भूक्षेत्रमा फैलिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लाको कूल जनसंख्या ३,२१,१५३ रहेकोमा महिला १,७१,०५९ जना र पुरुष १,५०,०९४ जना तथा जनसंख्या बृद्धिदर ०.१३% छ । संघीयतानुरुपको राजनीतिक विभाजनका दृष्टिले यो जिल्ला ६ गाउँपालिका र ४ नगरपालिकाका ८४ वडा कार्यालयहरु ,२ संघीय निर्वाचन क्षेत्र तथा ४ प्रदेश निर्वाचन क्षेत्रमा विभाजित रहेको छ। यस जिल्लाको सदरमुकाम वन्दीपुरबाट २०२५ सालमा अन्य कार्यालय दमौली सरेको केही समयपछि हुलाक कार्यालय पनि दमौली मुकाम भै नेपाल सरकारको नीति, विधि र परिधिभित्र रही हालसम्म अविच्छिन्न हुलाक सेवा प्रवाहमा संलग्न भैरहेको छ

हुलाक सेवा बिश्व हुलाक सँघको १८७४ अक्टुबर ९ मा स्थापनासँगै वैधानिक र सँगठीत रुपमा बिश्वभर प्रारम्भ भएको हो। नेपालमा बि सं १९३५ मा हुलाक घरको स्थापना भए पछि बिधिबत् रुपमा हुलाक सेवा सुरु भयो । सन् १९५६ तदनुसार बि सं २०१३ सालमा बिश्व हुलाक संघको सदस्यता पछि नेपाल राज्य लगायत संसारभरि नै नेपालको हुलाक सेवाले विस्तार हुने अवसर पायो ।हाल हुलाक सेवा संसारका विभिन्न राष्ट्र साथै नेपाल राज्यकै कुना कुना सम्म उपस्थिति रहेको सेवाको रुपमा रहेको छ।

नेपालको हुलाक सेवा मुलुक र नागरिक जीवनका सामान्य र सहजदेखि असामान्य र असहज परिवेशमा पनि नागरिकको मन छुने गरेर नागरिककै सुखदुखको साथी र साक्षी बन्दै घर आँगनमै पुगेर सेवा प्रवाहमा सरिक हुँदै आइरहेको सर्वविदितै छ।हाल यस जिल्लामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ,हुलाक सेवा विभाग अन्तर्गत रहेर नेपाल सरकारको नीति अनुरुप एक जिल्ला हुलाक कार्यालय, १४ वटा ईलाका हुलाक कार्यालय , १ पालिका हुलाक कार्यालय र ३७ वटा अतिरिक्त हुलाक संरचना र त्यसमा आवद्ध कर्मचारी मार्फत् जिल्लाका कुनाकाप्चादेखि जिल्लास्तरसम्म उपलब्ध श्रोत साधन अवसर र संभाव्यताको यथोचित र यथासम्भव परिचालन गर्दै तोकिएको कार्य जिम्मेवारी पुरा गर्दै सेवा—कार्य क्षेत्रमा जुटिरहेको छ। अनुभवी र कार्यरत जनशक्तिको अनिवार्य अवकाश—राजीनामा—मृत्युखाली तथा शीघ्र सरुवा लगायतका कारणले जनशक्तिको रित्तिदो र अस्थिर अवस्था, श्रोतसाधन र अवसरको सीमितता, स्वदेशी—वैदेशिक अध्ययन, तालिम, भ्रमणवासर जिल्ला तहमा प्रणालीबद्ध रुपमा नआउने अवस्था आदिको अन्त्य गर्दै उत्प्रेरित र उच्च मनोबलका साथ सेवा प्रवाहमा सरिक हुने वातावरण निर्माणमा तालुक निकायको ध्यान जानु आवश्यक छ ।

उच्च मनोबलयुक्त युगबोधी,अभिमुखीकृत जनशक्ति मार्फत् सूचना र सञ्चार प्रविधिले हुलाक सेवामा ल्याएको चुनौतिलाई अवसरको रुपमा बदल्दै हुलाक सेवाप्रतिको विगतको नागरिक विश्वास र हालसम्मको सद्भावरुपी विरासतको जगमा सुस्पष्ट दृष्टिकोणका साथ मुलुकी शासकीय परिवर्तनको मर्म पहिल्याउँदै युगीन चाख र मागका आधारमा सेवा–कार्यमा विविधिकरण,विशिष्टीकरण र आधुनिकीकरणमार्फत् आफ्नो अपरिहार्यता,सान्दर्भिकता र औचित्यलाई पुनर्पुष्टि गर्नुपरेको अवस्था छ । जिल्ला हुलाक कार्यालय, तनहूँ हुलाकको सरचना तथा सेवाप्रवाहको गुणस्तरियता सुधारमा सदैव सहयोगी,तम्तयार तथा प्रतिवद्ध भएर बसिरहेको छ।

२ जिल्ला स्थित हुलाक कार्यालयहरूको विवरण

| क्र.सं. | कार्यालयको नाम | कार्यालयको ठेगाना | कार्यालयको सम्पर्क नम्बर | PITS संचालन | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिल्ला हुलाक कार्यालय | ब्यास-३ तनहूँ | ०६५-५६३११३ | √ | |
| २. | डुम्रे ईलाका हुलाक कार्याल | बन्दिपुर -४ तनहूँ | ९८४००३९८९७ | √ | |
| ३. | देबघाट ईलाका हुलाक कार्यालय | देवघाट-५ तनहूँ | ९७४८७५७८५९ | - | |
| ४. | आँबुखैरेनी ईलाका हुलाक कार्यालय | आँबुखैरेनी-३ तनहूँ | ९७४८७५७८५२ | - | |
| ५. | बन्दिपुर ईलाका हुलाक कार्यालय | बन्दिपुर-१ तनहूँ | ९८४६१२४६४५ | - | |
| ६. | दूहुरेपसल ईलाका हुलाक कार्यालय | भानु न.पा.-४ तनहूँ | ९७४८७५७८६१ | - | |
| ७. | मानेचौका ईलाका हुलाक कार्यालय | भानु न.पा.-११ तनहूँ | ९७४८७५७८६२ | - | |
| ८. | शिशाघाट ईलाका हुलाक कार्यालय | व्यास-६ तनहूँ | ९७४८७५७८५४ | - | |
| ९. | भिमाद ईलाका हुलाक कार्यालय | भिमाद न.पा-७ तनहूँ | ९७४८७५७८५१ | - | |
| १०. | लामागाउ ईलाका हुलाक कार्यालय | शुक्लागण्डकी-१२तनहूँ | ९७४८७५७८५८ | - | |
| ११. | बैदि ईलाका हुलाक कार्यालय | देवघाट गा.पा.-२ तनहूँ | ९८४८७५७८५७ | - | |
| १२. | काँहुशिवपुर ईलाका हुलाक कार्यालय | ऋषिङ गा.पा.-२ तनहूँ | ९७४८७५७८५६ | - | |
| १३. | घिरिङ सुन्धारा ईलाका हुलाक | घिरिङ गा.पा.-३ तनहूँ | ९७४८७५७८५५ | - | |
| १४. | रिसिङ रानिपोखरी ईलाका हुलाक | रिसिङ गा.पा.-८ तनहूँ | ९७४८७५७८५३ | - | |
| १५. | म्याग्दे हुलाक कार्यालय | म्याग्दे गा.पा.-४ तनहूँ | ९७४८७५९११० | - | |
| १६. | खैरेनीटार ईलाका हुलाक कार्यालय | शुक्लागण्डकी न.पा.-६ तनहूँ | ९७४८७५७८४९ | √ | |

**३** कार्यालयको काम**,** कर्तव्य र अधिकार

हुलाक ऐन २०१९, हुलाक सेवा नियमावली २०२० तथा अन्य प्रत्यायोजित अधिकार बमोजिम जिल्ला हुलाक कार्यालय, दमौली, तनहुँको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेका छन् ।

- हुलाक वस्तुहरु जस्तैः रजिष्ट्री, द्रुत, सादा चिठीपत्र, पुलिन्दा दर्ता चलान र डेलिभरी गर्ने ।
- द्रुत डाँक (ई.एम.एस.) तथा पार्सल वितरण गर्ने ।
- राहदानी ढुवानी गर्ने ।
- तनहुँ जिल्लामा सञ्चालित केवल टिभिको इजाजत नविकरण गर्ने तथा रोयल्टी बुझ्ने ।
- पाँचसय वाटसम्मका एफ एम रेडियोको इजाजत नविकरण र रोयल्टी बुझ्ने ।
- सेवाग्राहीको माग अनुसारका टिकट विक्री तथा व्यवस्थापन गर्ने ।
- पत्रपत्रिका दर्ता तथा नविकरण गर्ने ।
- प्रेस प्रतिनिधि प्रमाणपत्रको नविकरण गर्ने ।
- जिल्ला स्थित संचारगृहहरुबाट लोककल्याणकारी विज्ञापन प्रकाशन प्रसारण गरे नगरेको यकिन गरी भुक्तानी दिने ।
- राष्ट्रिय सतर्कता केन्द्र तथा सूचना आयोग को परिपत्र अनुसारको ढाँचामा जिल्लाभरका सार्वजनिक निकायको सूचना अधिकारीको विवरण संकलन गर्ने, अद्यावधिक गर्ने, प्रकाशन गर्ने ।

- जिल्लाभरका सार्वजनिक निकायहरुमा सूचना अधिकारीको व्यवस्था गरे नगरेको तथा त्रैमासिक रुपमा स्वतः प्रकाशन गर्नुपर्ने सूचना प्रकाशन सम्बन्धमा अनुगमन गर्ने ।
- ईलाका ,पालिका तथा अतिरिक्त हुलाक कार्यालय व्यवस्थापन तथा अनुगमन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय तथा विभागबाट परिपत्र भए अनुसारका अन्य विविध कार्यहरु गर्ने

४ दरबन्दी सम्बन्धी विवरण

| क्र.सं. | पद | स्वीकृत पद | स्थायी पदपूर्ति | करार पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | हुलाक अधिकृत | १ | १ | - | |
| २. | नायब सुब्बा | २ | १ | - | १ जना लोकसेवामा माग |
| ३. | खरिदार | १६ | १० | - | |
| ४. | सह-लेखापाल | १ | १ | - | |
| ४. | हल्कारा | १९ | १० | ६ | |
| ५. | हुलाकी | ३३ | २ | २४ | |
| ६. | ह.स.चा. | - | - | - | |
| ७. | कार्यालय सहयोगी | १ | १ | - | |

**५** अतिरिक्त हुलाक र कर्मचारीको विवरण (२०८१ जेष्ठ मसान्त सम्मको अद्यावधिक विवरण अनुसार)

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | अतिरिक्त हुलाक संख्या | २३ | |
| २. | हुलाक प्रतिनिधि | १५ | |

६ भवनको विवरणः

| क्र.सं. | भवन भएको कार्यालय | संख्या | भवनको प्रकृति (कच्ची/पक्की) | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला हुलाक कार्यालय | २ | १ पक्की ,१ कच्ची पुरानो | नयाँ भवन पछाडि १ टस निर्माण तथा पुरानो भवन अगाडि १ वटा टिकट काउन्टर निर्माण गरिएको |
| २. | खैरेनीटार ईलाका हुलाक | १ | कच्ची | |

७ जग्गाको विवरण

| क्र.सं. | जग्गा भएको कार्यालय/स्थान | जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला हुलाक कार्यालय तनहुँ व्यास-२ | २-०-०-० | |
| २. | खैरेनीटार ईलाका हुलाक कार्यालय शुक्लागण्डकी न.पा.-६ | ०-३-१-१ | |
| ३. | डुम्रे ईलाका हुलाक कार्यालय बन्दिपुर-४ तनहुँ | ०-५-०-० | पृथ्वि राजमार्गको सडक मापदण्ड भित्र परेको |
| ४. | बन्दिपुर ईलाका हुलाक कार्यालय बन्दिपुर-१ तनहुँ | ०-१-३-० | |
| ५. | बैदि ईलाका हुलाक कार्यालय देवघाट गा.पा.-२ तनहुँ | ०-५-१-२ | |
| ६. | रिसिङ ईलाका हुलाक कार्यालय रिसिङ गा.पा.-८ तनहुँ | ०-२-१-२ | स्थानिय सडक मापदण्डमा परेको |

८ भाडामा रहेका हुलाक कार्यालयहरुको विवरणः

| क्र.सं. | कार्यालयको नाम | ठेगाना (स्थानीय तहको नाम खुल्ने गरी) | कैफियत |
|---|---|---|---|
| १. | देवघाट ईलाका हुलाक कार्यालय | देवघाट गा.पा-५ तनहुँ | |
| २. | ऋषिङ ईलाका हुलाक कार्यालय | रिसिङ गा.पा.-८ तनहुँ | |
| ३. | भिमाद ईलाका हुलाक कार्यालय | भिमाद न.पा-७ तनहुँ | |
| ४. | म्याग्दे पालिका हुलाक कार्यालय | म्याग्दे गा.पा.-४तनहुँ | |
| ५. | शिशाघाट ईलाका हुलाक कार्यालय | व्यास-६ तनहुँ | |
| ६. | आँबुखैरेनी ईलाका हुलाक कार्यालय | आँबुखैरेनी-३ तनहुँ | |
| ७. | मानेचौका ईलाका हुलाक कार्यालय | भानु न.पा.-११तनहुँ | |
| ८. | बन्दिपुर ईलाका हुलाक कार्यालय | बन्दिपुर-१ तनहुँ | |
| ९. | टुहुरेपसल ईलाका हुलाक कार्यालय | भानु न.पा.-४ तनहुँ | |

९ सवारी साधनको विवरणः

| क्र.सं. | सवारी साधनको किसिम | कुल संख्या | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | हेभी सवारी (प्रकार खुलाउने) | - | - | - | - | |
| २. | हलुका सवारी(प्रकार खुलाउने) | - | - | - | - | |
| ३. | मोटरसाईकल | २ | १ | - | १ | अत्यन्त जीर्ण |
| ४. | स्कूटर | १ | १ | - | - | |
| ५. | साईकल | ७ | ५ | २ | - | |
| | अन्य | | | | | |

१० मेशीनरी औजारको विवरण

| क्र.सं. | औजारको किसिम | कुल संख्या | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Desktop Computer | १३ | | | | |
| २. | Laptop Computer | ३ | २ | १ | | |
| ३. | Printer (All in One) | १ | | | | |
| ४. | Printer (सादा) | १० | | | | |
| ५. | Scanner | २ | | | | |
| ६. | Barcode Printer | ५ | | | | |
| ७. | Barcode Scanner | ४ | | | | |
| ८. | Photocopy Machine | | | | | |
| ९. | Inverter | २ | | | | |
| १०. | अन्य (fax ,invertor) | ३ | | | १ | |

११ बार्षिक बजेट तथा खर्चको विवरण

| क्र.सं. | विनियोजन | | | खर्च | | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| जि.हु.का. तनहुँ | ५२६९१०३६.०० | १०३५०००.०० | ५३७२६०३६ | ४००४७८७२.४६ | १०३४३४३.४२ | ४१०८२२१५.८८ |
| खर्च प्रतिशत | | | | ७६ % | ९९.९३% | ८७.९६% |

१२ आ.व. २०८०।०८१ मा संकलित राजश्वको विवरणः

| क्र.सं. | कार्यालयको नाम | राजश्व शीर्षक | संकलित राजश्व | कैफियत |
|---|---|---|---|---|
| १. | जि.हु.का. | हुलाक महशुल (टिकट बिक्री, PITS) | २१,९१,७५८.०० | |
| २. | | अन्य राजश्व | १,२८,८४८.८० | |
| ३. | | भन्सार महशुल-आयात | १,३६,०११.०० | |
| ४. | | अन्य बाँडफाँड हुने राजश्व संकलन | २,२६,०८३.०० | |
| | | कुल जम्मा | २६,८२,७००.८० | |

१३ बेरुजुको अवस्था र विवरण

| क्र.सं. | कार्यालयको नाम | बेरुजु | | | फर्छ्यौट भएको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नियमित गर्नुपर्ने | असुलउपर गर्नुपर्ने | पेश्की | नियमित गर्नुपर्ने | असुलउपर गर्नुपर्ने | पेश्की | |
| १. | जि.हु.का. | - | - | - | - | - | - | |
| | | | | | | | | |

१४ गुनासो र फर्छौटको अवस्थाः

| निकायको नाम | गुनासो संख्या | फर्छौट संख्या |
|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - | - |
| राष्ट्रिय सतर्कता केन्द्र | - | - |
| मन्त्रालयहरु | - | - |
| अन्य निकायहरु | - | - |

१५ सम्पादन भएका मुख्य कार्यहरू :

१) राजमार्ग विस्तारको क्रममा पूर्णतः विस्थापित भएको डुम्रे ईलाका हुलाक कार्यालयलाई हालस्वामित्वमा लिने विद्यालय, ४ नम्बर वडा कार्यालय,वन्दीपुर गाउँपालिका समेतसँग समन्वय गरी आवश्यक निर्णय र सोको समर्थन गराई वन्दीपुर ४ ठूलोढुंगास्थित हाल सञ्चालनमा नरहेको श्रीराम प्राथमिक विद्यालयको भवनमा ३ वटा कोठाको व्यवस्था मिलाई विद्युत,ईन्टरनेट जडान,खानेपानी धारो जडान तथा झ्याल ढोका मर्मत सम्भार,सरसफाई गरी पिट्स सेवा सहितको नियमित हुलाक सेवा संचालन गरेको ।

२) अनिवार्य अवकाश, राजीनामा लगायतका कारणले रिक्त स्थायी दरबन्दी तथा करार पदहरुमा सम्भव भएसम्म आन्तरिक जनशक्ति परिचालन, जिम्मेवारी हेरफेर तथा स्थानान्तरण गरी हुलाक सञ्चालन गरेको

३) सेवाग्राहीको सहजताको लागि कार्यालय भवन अगाडी अस्थायी टिकट काउन्टर निर्माण गरिएको ।

४) ईलाका हुलाक कार्यालयहरुको घरजग्गा संरक्षण गर्ने कार्यमा विभिन्न निकाय तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल गर्दै आईरहेको।

५) विभागीय परिपत्रानुसार मौजुदा जनशक्ति परिचालन गरी ईलाका हुलाक नरहेको तनहूँको एकमात्र पालिका म्याग्दे गाउँपालिकामा पालिका नजिक म्याग्दे पालिका हुलाक खडा गरी सेवारम्भ गरेको ।

६) खैरेनीटार ईलाका हुलाक कार्यालयमा आफ्नै श्रोत साधन र जनशक्ती परिचालन गरि पिट्स सहितको हुलाक सेवा संचालन गरिएको ।

१६ हुलाक टिकट सम्बन्धी विवरण**(**टिकट मौज्दात विवरण २०८१ आषाढ मसान्त सम्मको उल्लेख गरिएको**)**

(जिल्ला कार्यालयको विवरण उल्लेख गरिएको )

| क्र.सं. | कार्यालयको नाम | उजराती सिमाः | टिकटको प्रकार | मौज्दात संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जि.हु.का. | रु. १६७९०० | रु. १ | ७१२० | ७१२० | |
| | | | रु. २ | ५७६० | ११५२० | |
| | | | रु.४ | ७१२० | २८४८० | |
| | | | रु. ५ | १०००० | ५०००० | |
| | | | रु.७ | ९५० | ६६५० | |
| | | | रु.८ | ५२० | ४१६० | |
| | | | रु. १० | ६३२० | ६३२०० | |
| | | | रु.११ | १५५० | १७०५० | |
| | | | रु.१५ | १८०० | २७००० | |
| | | | रु.२० | ८५२० | १७०४०० | |
| | | | रु.२५ | २४४० | ६१००० | |
| | | | रु.४० | ४११० | १६४४०० | |
| | | | रु.५० | ८२१ | ४१०५० | |

१७ अवधि : आ.व. मिति २०८० श्रावण ०१ गते देखि मिति २०८१ साल आषाढ मसान्तसम्म।

१. हुलाक वस्तु दर्ता संख्याः

| क्र.स. | हुलाक वस्तुको प्रकार | जि.हु.का./ई.हु.का./अ.हु. मा भएको दर्ता (आन्तरीक) | विदेशको लागि दर्ता भएको (वैदेशिक) | कैफियत |
|---|---|---|---|---|
| क. | साधारण चिठी | ९७८ | ६३ | |
| | रजिष्ट्री चिठी | १३३२३ | ५६ | |
| | बीमा चिठी | - | - | |
| | साना पाकेट | - | - | |
| | हुलाक दर्ता | | | |
| | समाचार पत्रपत्रिका | ३०५२ | - | |
| | अन्धा साहित्य | - | - | |
| | बुक पोष्ट, छापा कागज | - | - | |
| ख. | पुलिन्दा | | | |
| ग. | EMS By Land | - | - | |
| | EMS By Air | - | - | |
| | जम्मा | **१७,३५३** | **११९** | |

२. हुलाक वस्तु आयात संख्याः

| क्र.स. | हुलाक वस्तुको प्रकार | आफ्नो जिल्लाभित्र वितरणको लागि अन्य जिल्लाबाट प्राप्त भएको | आफ्नो जिल्लाभित्र वितरणको लागि विदेशबाट प्राप्त भएको (वैदेशिक) | कैफियत |
|---|---|---|---|---|
| क. | साधारण चिठी | ४९० | ७३० | |
| | रजिष्ट्री चिठी | ५३७४ | ८९ | |
| | बीमा चिठी | - | - | |
| | साना पाकेट | ८१ | - | |
| | हुलाक दर्ता | | - | |
| | समाचार पत्रपत्रिका | १३३५ | - | |
| | अन्धा साहित्य | - | - | |
| | बुक पोष्ट, छापा कागज | ६५९ | - | |
| ख. | पुलिन्दा | ११२ | - | |
| ग. | EMS By Land | २१६ | - | |
| | EMS By Air | ७९ | - | |
| | जम्मा | **८,३४६** | **८१९** | |

३. हुलाक वस्तु निर्यात  संख्या:

| क्र.स. | हुलाक वस्तुको प्रकार | आफ्नो जिल्लामा दर्ता भई अन्य जिल्ला हुलाकको लागि चलान भएको (आन्तरिक) | आफ्नो जिल्लामा दर्ता भई विदेशको लागि निर्यात भएको (वैदेशिक) | कैफियत |
|---|---|---|---|---|
| क. | साधारण चिठी | ६०९ | ६३ | |
| | रजिष्ट्री चिठी | ७९४९ | ५६ | |
| | बीमा चिठी | - | - | |
| | साना पाकेट | - | - | |
| | हुलाक दर्ता | - | - | |
| | समाचार पत्रपत्रिका | २२५७ | - | |
| | अन्धा साहित्य | - | - | |
| | बुक पोष्ट, छापा कागज | - | - | |
| ख. | पुलिन्दा | - | - | |
| ग. | EMS By Land | - | - | |
| | EMS By Air | - | - | |
| | जम्मा | **१०,८१५** | **११९** | |

## ४ हुलाक वस्तु वितरण सख्या

| क्र.स. | हुलाक वस्तुको प्रकार | आफ्नै जिल्लामा दर्ता भई जिल्लाभित्र नै वितरण भएको | अन्य जिल्लाबाट प्राप्त भई वितरण भएको | विदेशबाट प्राप्त भई वितरण भएको | कैफियत |
|---|---|---|---|---|---|
| क. | साधारण चिठी | ३६९ | ४९० | ७३० | |
| | रजिष्ट्री चिठी | ५२१० | ७१४३ | | १६४ फिर्ता |
| | बीमा चिठी | - | - | - | |
| | साना पाकेट | - | - | ८१ | |
| | हुलाक दर्ता | - | - | - | |
| | समाचार पत्रपत्रिका | ७९५ | १३३५ | - | |
| | अन्धा साहित्य | - | - | - | |
| | बुक पोष्ट, छापा कागज | - | ६५९ | - | |
| ख. | पुलिन्दा | - | ११२ | - | |
| ग. | EMS By Land | - | २१६ | - | |
| | EMS By Air | - | - | ७९ | |
| | जम्मा | **६,३७४** | **९,९५५** | **८९०** | |

१. हुलाक वस्तु दर्ता सम्बन्धी टेबल नं. १ को विवरण भर्दा जिल्ला हुलाक कार्यालय, ईलाका हुलाक कार्यालय, अतिरिक्त हुलाक र काउन्टरमा दर्ता भएका मात्र हुलाक वस्तुको विवरण भर्ने।
२. अन्य जिल्लाबाट प्राप्त हुलाक वस्तुको विवरण टेबल नं. २ मा भर्ने।
३. आफ्नो जिल्लाबाट अन्य जिल्लाको लागि पठाउने हुलाक वस्तुको विवरण टेबल नं. ३ मा भर्ने।
४. जिल्ला भित्र हुने हुलाक वस्तु वितरणको विवरण टेबल नं. ४ भर्ने ।
५. माथिका सबै तथ्यांक दोहोरो नपर्ने गरी स्पष्ट भई वास्तविक तथ्यांक मात्र भर्ने ।